# सैनामैना नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

# शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६।०१।१७ गते

यस कार्यालयबाट आ.व. २०७५।०७६ का स्वीकृत योजना अन्तर्गत यस नगरपालिकाभित्र तपसिल बमोजिमका निर्माण कार्य गराउनु पर्ने भएकोले इजाजत प्राप्त निर्माण ब्यवसायिहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :-**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ नविकरण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र अघिल्लो आ.ब. ०७४/०७५ को करचुक्ता प्रमाणपत्र/कर विवरण पेश गरेको कागजातको प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ औ दिन कार्यालय समयसम्म योजना तथा आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ औ दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको १:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक पर्रोहा शाखा मुर्गिया स्थित ग-३ धरौटि खाता ०४१४२०११४९२४४०१५ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यताप्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ६० दिन म्याद भएको (कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको) बिडबण्ड संलग्न हुनु पर्नेछ ।

४. सिलबन्दि दरभाउपत्र शर्त रहित, दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाउमा दस्तखत भएको हुनु पर्ने छ । समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको सिलबन्दि दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

५. सिलबन्दि दरभाउपत्रको मान्य अवधि (Bid Validity period) ४५ दिनको हुनेछ ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दररेटमा समावेश भएको मानीने छ ।

७. सिलबन्दि दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ ।

८. सिलबन्दि दरभाउपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१०. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ ( पाचौ संशोधन २०७३) र प्रचलित ऐन नियमानुसार हुनेछ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | कार्यको बिबरण र स्थान | ल.ई.रकम (मु.अ. कर बाहेक) रु. | दरभाउपत्र जमानत रु. | दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | SMQ-C-05 /075/076 | सैनामैना नपा-११ को ल्याण्डफिल साइटमा ग्यावियन वाल निर्माण गर्ने कार्य | १२,९६,२१२।८० | ३७,०००।०० | १,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत